बैठक संख्या ११

मिति २०७७।०२।०९ गते श्रीमान प्र.जि.अ. हुमकला पाण्डेज्यूको संयोजकत्वमा तथा जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष श्री नवराज गेलाल लगायत देहायका महानुभावहरुको उपस्थितिमा बसेको जिल्लास्तरीय Crisis Management Center (CMC) भक्तपुरको बैठकको निर्णय देहाय अनुसार रहेको छ ।

उपस्थितिः

सल्लाहकार - अध्यक्ष श्री नवराज गेलाल, जिल्ला समन्वय समिति भक्तपुर

१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय भक्तपुर
२. जिल्ला समन्वय अधिकारी श्री जगन्ननाथ लामिछाने , जिल्ला समन्वय समितिको कार्यालय भक्तपुर
३. प्रमुख सेनानी श्री शिव प्रसाद पौडेल, वीरदल गण सुर्यविनायक व्यारेक
४. प्रहरी उपरिक्षक श्री सविन प्रधान, महानगरीय प्रहरी परिसर भक्तपुर
५. सशस्त्र प्रहरी उपरिक्षक श्री विश्वकुमार भट्टराई, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण
६. उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, रा.अ.वि.जिल्ला कार्यालय भक्तपुर
७. सहायक प्रमुख जिल्ला अधिकारी श्री दुर्गादत्त ढकाल
८. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल
९. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय भक्तपुर – स्थायी आमन्त्रित
१०. प्रमुख श्री मनोज थापा, नेपाल रेडक्रस सोसाइटी भक्तपुर – स्थायी आमन्त्रित

छलफलका विषयहरु

१. भक्तपुर जिल्लामा कोभिड १९ संक्रमणको अवस्था विश्लेषण
२. भारतीय मजदुरहरूको सम्बन्धमा
३. संक्रमितहरुको कन्ट्याक्ट ट्रेसिङ
४. सुरक्षाकर्मी व्यवस्थापन सम्बन्धमा
५. विविध

निर्णय

१. भक्तपुर जिल्लामा हालसम्म ३ जना कोरोना संक्रमित देखिएकोमा २ जना कोरोनामुक्त भई होम क्वारेन्टाईनमा पठाइसकिएको । बाँकी एक जना हाल सुरक्षित रुपमा अस्पतालमा रहेकाले सम्पुर्ण जिल्लाबासीलाई सजग र सतर्क रही लक डाउनको पूर्ण पालना गर्न पुन अनुरोध गर्ने ।

२. हाल संक्रमण देखिएका व्यक्तिको सम्पर्कमा आएका व्यक्तिहरूको ट्रेसिङ गरी स्वास्थ्य परीक्षण भईसकेकोले ति व्यक्तिहरूको नतिजा नआउन्जेलसम्मलाई घरमै आईसोलेसनमा राख्ने ।

३. प्रहरी जनशक्तिलाई कोभिड-१९ संक्रमणको जोखिमबाट न्यूनिकरण गर्न उनीहरूलाई समूहमा बिभाजन गरी नजिकै उपलब्ध सार्वजनिक विद्यालयहरूमा व्यवस्थापन गर्ने ।

४. भक्तपुर जिल्लामा रहेका ईंटा भट्टा उद्योग कल कारखानामा कार्यरत भारतीय मजदुरहरूको सम्बन्धमा सहज रुपमा भारत फिर्ता गर्नको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

५. कोभिड-१९ को संक्रमितको सम्पर्कमा रहेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायत अन्य व्यक्तिहरूलाई स्वास्थ्य परीक्षण गरी अन्तिम नतिजा नआउनजेलसम्म आईसोलेसनमा राख्नको लागि उपलब्ध होटल, सामुदायिक भवन, विद्यालय, कलेज, सरकारी कार्यालय छनौट गरी यथासिघ्र तयारी हालतमा राख्न स्थानीय तहमा अनुरोध गर्ने ।

६. जिल्लामा हुनसक्ने खाद्यान्न संकटको व्यवस्थापनको निमित्त खाद्यान्न आपुर्ती सहज बनाउन स्थानीय तहसँग समन्वय गरी अनुगमन गर्ने ।

७. जिल्लामा कोभिड-१९ सँग सम्बन्धित स्वास्थ्य परीक्षणलाई तिब्रता दिने ।

८. नेपाल सरकारले लागू गरेको लकडाउनको पूर्णरुपमा कार्यान्वयन गर्ने ।